## संवत् २०७९ साल फागुन ४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ संघीय संसदबाट फिर्ता लिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: अमेरिकामा सञ्चालन हुने Office of Overseas Prosecutorial Development Assistacne and training मा महान्यायाधिवक्तालाई सहभागी हुन स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय: भारतको बेंगलोरमा हुन लागेको G20 समूहका अर्थमन्त्रीको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

४. अर्थ मन्त्रालय: विद्यालय क्षेत्र रूपान्तरण कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने थप २० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण परिचालनका निम्ति वार्ता गर्न वार्ता टोलीलाई अख्तियारी प्रदान गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नुपर्ने विषय तथा शर्त तोक्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: मण्डनदेउपुर न.पा- ६, बेथानचोक गा.पा- २, लिखु गा.पा- ४, रघुगंगा गा.पा- २, तातोपानी गा.पा- ४, रिब्दीकोट गा.पा- ३, रुरुक्षेत्र गा.पा- ४ र अपिहिमाल गा.पा- ४ मा औद्योगिक ग्राम घोषणा गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: पाँचौं नेपाल-भुटान सहसचिवस्तरीय द्विपक्षीय व्यापार वार्ता गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहसचिवको संयोजकत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने ।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: बर्ड फ्लु रोग नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको लागि राहत प्रदान गर्ने ।

९. खानेपानी मन्त्रालय: Towards the Design of Effective Regulatory Arrangements for WASH in South Asia विषयक कार्यक्रममा खानेपानी मन्त्रालयको सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१०. गृह मन्त्रालय: प्रजातन्त्र दिवस, २०७९ को अवसरमा विष्णुकुमार लिम्बुसमेत ३८१ जना कैदीको बाँकी कैद कट्टा गर्न सिफारिस गर्ने ।

११. गृह मन्त्रालय: प्रजातन्त्र दिवस, २०७९ को अवसरमा पुष्कर गौतमसमेत १३ जना व्यक्तिहरूको सजाय माफी गर्न सिफारिस गर्ने ।

१२. गृह मन्त्रालय: प्रजातन्त्र दिवस, २०७९ को अवसरमा श्री अरुणकुमार चौधरीको सजाय माफी गर्न सिफारिस गर्ने।

१३. गृह मन्त्रालय: प्रजातन्त्र दिवस, २०७९ को अवसरमा स्थानीय तह सदस्य निर्वाचनका उम्मेदवारहरूले तिर्न बाँकी जरिवाना माफी गर्न सिफारिस गर्ने ।

१४. परराष्ट्र मन्त्रालय: मानव अधिकार परिषद्को ५२ औं सत्रमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने।

१५. परराष्ट्र मन्त्रालय: न्यूयोर्क, अमेरिकाको स्थायी प्रतिनिधि लगायत ३ वटा स्थायी प्रतिनिधि र राजदूतहरूको कार्यावधि थप गर्ने ।

द्रष्टब्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः चुमनुब्री गाउँपालिकालाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः महालक्ष्मी नगरपालिका, ललितपुरलाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।

१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः प्रहरी चौकी वुधवारे लेटाङलाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः चन्द्रागिरी नगरपालिकालाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः Study Tour Program on Transport Sector Management विषयक कार्यक्रममा सहभागिता जनाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवलाई स्वीकृति दिने।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नेपाल इन्जिनियरिङ परिषद्को अध्यक्षमा डा. पदम बहादुर शाही, उपाध्यक्षमा डा. विकास अधिकारी र सदस्यमा डा. रेश्मा श्रेष्ठलाई मनोनयन गर्ने।

२२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः संयुक्त राष्ट्र संघीय महिलाको स्थितिसम्बन्धी आयोगको ६७ औं सम्मेलनमा सहभागिताका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको संयोजकत्वमा १८ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः 5th Global Ministerial Summit on Patient Safety मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई स्वीकृति दिने ।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः डा. दीपक सिग्देलसमेत २७ जनालाई एघारौं तहमा बढुवा नियुक्त गरी पदस्थापन गर्ने ।

२५. गृह मन्त्रालयः विक्रम सम्वत् २०८० सालमा दिइने सार्वजनिक बिदा तथा कार्यालय समय निर्धारण गर्ने ।

**संवत् २०७९ साल फागुन ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः विकास आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः थाइल्याण्डमा आयोजना हुने Tenth Asia Pacific Forum on Sustainable Development कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई स्वीकृति प्रदान गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः स्वीट्जरल्याण्डमा आयोजना हुने Promoting Decent Employment for Women through inclusive Growth Policies and Investment in the Care Economy कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका सदस्यलाई स्वीकृति प्रदान गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ सम्बन्धी विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः आ.व. २०७९/८० का लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु ३३५१ निर्धारण गर्ने।

६. खानेपानी मन्त्रालयः मेलम्ची खानेपानी आयोजना अन्तर्गत ठेक्कामा इटालियन निर्माण कम्पनी सिएमसी (CMC Di Ravenna) को दावीको प्रतिवाद र प्रतिदावी सम्बन्धमा थाइल्याण्डस्थित नेपाली राजदुतावासलाई जिम्मेवारी दिने।

७. गृह मन्त्रालयः दक्षिण सुडानमा हुने मेडल परेड कार्यक्रममा सहभागी हुन सशस्त्र प्रहरी महानिरीक्षकलाई स्वीकृति दिने।

८. गृह मन्त्रालयः डा. सन्दुक रुइतलाई बहराइनबाट ISA Award for Service to Humanity अवार्ड ग्रहण गर्न स्वीकृति दिने र अवार्ड साथ प्राप्त गर्ने नगद रकममा कर छुट दिने।

९. परराष्ट्र मन्त्रालयः IFRC का महासचिवको कूटनीतिक राहदानी नवीकरण गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः दक्षिणकाली नगरपालिका काठमाडौंलाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

११. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः संयुक्त राष्ट्र संघीय महिलाको स्थिति सम्बन्धी आयोगको ६७ औं सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलमा १० जना थप सदस्यलाई सहभागी हुन स्वीकृति दिने।

१२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः बेलायतमा हुने School Leadership Study Visit मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई भाग लिन स्वीकृति दिने ।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः जर्मनीमा हुने Internationale Tourismus Borse (ITB) Berlin २०२३ पर्यटन मेलामा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने ।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः प्रतिलिपि अधिकार ऐन (पहिलो संशोधन) विधेयक, २०७६ संघीय संसदबाट फिर्ता लिन स्वीकृति दिने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राष्ट्रिय तथ्यांक कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः  राजपत्राङ्कित प्रथम श्रेणीका श्याम प्रसाद भण्डारी लगायतका ६१ जना कर्मचारीहरूलाई पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त हुने सदस्य नियुक्तिको लागि सिफारिस गर्न समिति गठन गर्ने।

१८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सञ्चार तथा सूचना प्रविधि मन्त्रीको सञ्चार विज्ञमा नरेन्द्र के.सीलाई नियुक्त गर्ने।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः सावित्री कुमारी पौडेलसमेत २ जनालाई स्वास्थ्य सेवाको एघारौं तहमा नियुक्ति तथा पदस्थापन गर्ने।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सक प्रा.डा. युवराज शर्मालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को चिकित्सक तोक्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान कार्यालय, पोखरा समेत ३ वटा कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

## संवत् २०७९ साल फागुन १५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थिक वर्ष २०७८/७९ को नेपाल सरकारको वार्षिक प्रतिवेदन स्वीकृत गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने ।

२. अर्थ मन्त्रालयः फिलिपिन्सको मनिलामा हुने एसियाली विकास कोष १३ को मध्यकालीन समीक्षामा सहभागी हुन अर्थ मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने ।

३. अर्थ मन्त्रालयः नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणाली कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा ३.८४ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्न वार्ता टोली गठन गर्ने ।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः कर्णाली कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः कर्णाली कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने

६. गृह मन्त्रालयः नेपाल सरकारबाट निर्णय भई राजपत्रमा प्रकाशन गर्न छुट शहीदहरूको नामावली नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

७. परराष्ट्र मन्त्रालयः बिम्स्टेक (BIMSTEC) को १९ औं मन्त्रीस्तरीय बैठक एवम् २३ औं परराष्ट्र सचिव/वरिष्ठ पदाधिकारीहरूको बैठकमा सहभागी हुने प्रतिनिधिमण्डलको गठन गर्ने।

८. परराष्ट्र मन्त्रालयः कतारको दोहामा सम्पन्न हुने अतिकम विकसित मुलुकहरूसम्बन्धी पाँचौं संयुक्त राष्ट्रसंघीय सम्मेलनमा सहभागिताका लागि उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः काँकडभिट्टा-लौकही सडक योजना पूर्वी खण्ड र पश्चिमी खण्डको सडक विस्तारका लागि जग्गा प्राप्ति गर्ने ।

१०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः प्रदेश सरकारअन्तर्गत समावेश रहेको सडक आयोजनालाई सङ्घीय सरकारबाट सञ्चालन गर्ने ।

११. वन तथा वातावरण मन्त्रालयः खानीखोला गा.पा. काभ्रेपलाञ्चोकको प्रशासकीय भवन निर्माण गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः पर्वतीय प्रशिक्षण विकास समिति (गठन) (पाँचौं संशोधन) आदेश, २०७९ स्वीकृत गर्ने ।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः अन्तर्राष्ट्रिय दलित सम्मेलनमा भाग लिन जाने दलित प्रतिनिधिलाई आर्थिक सहायता उपलब्ध गराउने ।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल सरकारका सबै निकायका तथ्याङ्क एवम् सूचना प्रविधि प्रणाली सरकारी एकीकृत डाटा केन्द्र (Government Integrated Data Center) मा राख्ने, छुट्टाछुट्टै निकायले छुट्टाछुट्टै डाटा केन्द्र र सर्भर व्यवस्थापन गर्ने प्रचलन तत्काल हटाई यसको व्यवस्थापन राष्ट्रिय सूचना प्रविधि केन्द्रले गर्ने।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः दक्षिण अफ्रिकामा हुने International Maternal Newborn Health Conference मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवलाई स्वीकृति दिने।

१६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ संशोधन गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीको शान्ति तथा मानव अधिकार सल्लाहकारमा श्री गोविन्द प्रसाद शर्मा (कोइराला), दैलेखलाई नियुक्त गर्ने।

१८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मानव अधिकार परिषद्को ५२ औं सत्रमा नेपालको तर्फबाट राष्ट्रिय वक्तव्य (Country Statement) प्रस्तुत गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको शान्ति तथा मानव अधिकार सल्लाहकार श्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई स्वीकृति दिने।

१९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री रामप्रसाद थपलियालाई राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारी पदमा सरुवा गर्ने ।

## संवत् २०७९ साल फागुन १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः वैदेशिक रोजगार न्यायाधिकरणको सदस्यमा सहन्यायाधिवक्ता उद्धव प्रसाद पुडासैनीलाई तोक्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः न्यूयोर्क, अमेरिकामा सञ्चालन हुने Water Conference, 2023 मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव (जलस्रोत तथा सिंचाइ) लाई सहभागी हुन स्वीकृति दिने।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः कच्चा दूधको न्यूनतम खरिद मूल्य प्रति लिटर रु ६५ निर्धारण गर्ने।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नागढुंगा नैविसे सडक खण्डमा पर्ने घरटहराहरू क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नारायणघाट-मुग्लिङ सडक खण्डमा पर्ने घरटहराहरू क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने ।

६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल सरकार र श्रीलङ्का सरकारबीच विज्ञान प्रविधि र नवप्रवर्तनको क्षेत्रमा सहयोग आदान प्रदान गर्न Memorandum of Understanding मा हस्ताक्षर गर्न स्वीकृति दिने।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः वेलायतमा हुने Healthy Cities Summit मा काठमाडौं महानगरपालिकाका नगर प्रमुखलाई सहभागी हुन स्वीकृति दिने ।

८. सहरी विकास मन्त्रालयः अतिविशिष्ट एंव विशिष्ट पदाधिकारीहरू र प्रदेश प्रमुख एंव मुख्यमन्त्रीहरूका लागि काठमाडौंमा आवास एवं भौतिक सुविधा उपलब्ध गराउने विषयमा एकरुपता र स्तरीयता कायम गर्न आवश्यक निर्देशिका तयार गरी पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा उच्चस्तरीय निर्देशक समिति गठन गर्ने।

९. सहरी विकास मन्त्रालयः ललितपुर, भैंसेपाटीस्थित भवनहरू निर्माण सम्पन्न भएपछि मन्त्रीहरूको निवास स्थानान्तरणपश्चात् खाली हुने पुल्चोकस्थित मन्त्री निवासका भवनहरू सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू र मुख्य रजिष्ट्रारको निवासको रुपमा उपलब्ध गराउने।

१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघीय महिलाको स्थितिसम्बन्धी आयोग (CSW) को ६७ औं सम्मेलनमा नेपालको तर्फबाट राष्ट्रिय वक्तव्य (Country Statement) प्रस्तुत गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री सुमनराज अर्याललाई स्वीकृति दिने।

**संवत् २०७९ साल फागुन २५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालयः नेपाल स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका लागि बेलायत सरकारबाट प्राप्त हुने पाउण्ड स्टर्लिङ ९० मिलियन (करिब रु.१४ अर्ब ३१ करोड) अनुदान सहायता स्वीकार गर्ने।

२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

३. गृह मन्त्रालयः निर्वाचन आयोगका सचिवको भारत भ्रमण स्वीकृत गर्ने।

४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भरतपुर महानगरपालिकाका नगर प्रमुखको जापान भ्रमण स्वीकृत गर्ने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी पुनर्गठन गर्ने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

**संवत् २०७९ साल फागुन ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः कोशी पम्प चन्द्र नहरको प्रणालीमा Rehabilitation of Irrigation System in Eastern Terai Project को लागि जग्गा प्राप्ति गर्ने ।

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः भियतनाममा हुने उच्चस्तरीय अध्ययन तथा अवलोकन भ्रमणमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) लाई सहभागिता जनाउन स्वीकृति दिने ।

३. खानेपानी मन्त्रालयः The United Nations 2023 Water Conference विषयक कार्यक्रममा सहभागिताको लागि खानेपानी मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

४. गृह मन्त्रालयः नेपाल र संयुक्त राज्य अमेरिकाबीच अध्ययन भिसा शुल्कमा एकरूपता कायम गर्ने ।

५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, हवाई सम्भार समूहका प्रमुख सेनानी विनोद श्रेष्ठलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, हवाई सम्भार समूहका महासेनानी प्रकाश मानन्धरलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

७. वन तथा वातावरण मन्त्रालयः तल्लो लिखु जलविद्युत आयोजनाको १३२ के.भि. प्रसारण लाईन निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

८. वन तथा वातावरण मन्त्रालयः Stockholm, Sweden मा हुने Ambition to Melting Ice कार्यक्रममा सहभागिता जनाउन वन तथा वातावरण मन्त्रालयका सचिवलाई स्वीकृति दिने ।

९. वन तथा वातावरण मन्त्रालयः रामपुर स्वास्थ चौकी, उदयपुरलाई १० शैय्याको आधारभूत अस्पतालमा स्तरोन्नति गर्नको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः यती एयरलाईन्सको ATR 72, 9N-ANC विमान दुर्घटना जाँच आयोगको म्याद ४५ दिन थप गर्ने ।

११. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः Global Platform for Access to Childhood Cancer Medicines (GPACCM) मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव (प्रशासन तथा जनसंख्या) लाई स्वीकृति दिने ।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः US President's Emergency Plan for AIDS Relief (PEPFAR) Asia Regional Operational Plan (ROP) २०२३ Meeting मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति दिने ।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः Global Conference on Digital Health "Taking UHC to the Last Citizen" मा सहभागिताको लागि स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई स्वीकृति दिने ।

१४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकारका पूर्व मुख्यसचिव श्री लीलामणि पौड्यालको संयोजकत्वमा गठित उच्चस्तरीय तलब सुविधा आयोगको अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।

१५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकार, मन्त्रिपरिषद्का सदस्य लगायतका उच्च पदस्थ सरकारी पदाधिकारीले अनिवार्य रूपमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय, क्षेत्रीय वा द्विपक्षीय वार्ता, सभा, सम्मलेन वा बैठकमा प्रतिनिधित्व गर्ने विषय; नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ, संगठनका वार्षिक महासभा, महाधिवेशन, आवधिक बैठक वा सभा सम्मेलनमा प्रतिनिधित्व गर्ने विषय; अन्तर्राष्ट्रिय, क्षेत्रीय वा द्विपक्षीय सन्धि सम्झौताअन्तर्गत नेपालको प्रतिनिधित्व गर्ने विषय जस्ता

अत्यावश्यक अवस्थामा बाहेकका अन्य अवस्थामा वैदेशिक भ्रमण नगर्ने।

१६. खानेपानी महसुल निर्धारण आयोगको अध्यक्ष पदमा जनार्दन अर्याललाई नियुक्त गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९/८/२० मा भएको निर्णय खारेज गर्ने।

**संवत् २०७९ साल चैत ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि युरोपियन युनियनबाट प्राप्त हुने ५० मिलियन युरो (करिब ६ अर्ब ५७ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने ।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल र बंगलादेशबीच Sharing of Real Time Hydro-Meteorological Data and Information for Flood Forecasting and Warning को Memorandum of Understanding (MoU) मा हस्ताक्षर गर्न स्वीकृति दिने ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युत नियमन आयोगका सदस्य रामेश्वर प्रसाद कलवारको राजीनामा स्वीकृत गर्ने ।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः पुर्ण चन्द्र वस्तीलाई राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्राविधिक) पदमा बढुवा गरी अवकाश दिने ।

५. गृह मन्त्रालयः नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा वसन्तबहादुर कुवरसमेत ५ जनालाई बढुवा नियुक्त गर्ने ।

६. गृह मन्त्रालयः युनाईटेड नेशसन्स मिसन इन नेपाल (UNMIN) को प्रतिवेदनमा नाम तथा विवरण समावेश भएका र नागरिकता अनुसार प्रमाणीकरण हुने अयोग्य लडाकुलाई गृह मन्त्रालयले कार्यविधि तयार गरी प्रति लडाकु दुई लाख रुपैयाका दरले रकम उपलब्ध गराउने।

७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

८. रक्षा मन्त्रालयः नेपाली सेनाको सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका सहायक रथी डा. अरुण शर्मालाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

९. रक्षा मन्त्रालयः नेपाली सेनाका सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका सहायक रथी डा. राजिव राज शाहीसमेत ४ (चार) सहायक रथीहरूको सरुवा गर्ने ।

१०. रक्षा मन्त्रालयः Land Forces Talks (LFT) को चौथो बैठक नेपालमा सञ्चालन गर्ने स्वीकृति दिने ।

११. रक्षा मन्त्रालयः Peacekeeping सम्बन्धी सहायता स्वीकार गर्न स्वीकृति दिने ।

१२. रक्षा मन्त्रालयस् नेपाली सेनाका सहायक रथी विष्णु राउतसमेत ४ (चार) सहायक रथीहरूको पदावधि थप गर्ने ।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका प्रमुख सेनानी डा. राम श्रेष्ठलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाको सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका महासेनानी डा. राजीव कुमार देवलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

१५. वन तथा वातावरण मन्त्रालयः नेपाल वन निगम लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा मन बहादुर खड्कालाई नियुक्त गर्ने ।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः भाषा आयोगका अध्यक्षमा डा. गोपाल ठाकुर तथा सदस्यमा पुष्कर राज भट्टलाई नियुक्त गर्ने ।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः सन्तोष वि.सी.ले नेपाल वायुसेवा निगमका सञ्चालक सदस्य पदबाट दिएको राजीनामा स्वीकृत गर्ने र रिक्त हुने सञ्चालक सदस्य पदमा विक्रम राईलाई नियुक्त गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः इलाका प्रशासन कार्यालय, मानपकडी, रुपन्देही लगायतका ४ वटा इलाका प्रशासन कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः दूरसञ्चारसम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सञ्चार तथा सूचना प्रविधि मन्त्रीको भारत भ्रमण स्वीकृत गर्ने।

२१. सहरी विकास मन्त्रालयः सुर्खेतस्थित भेरीगंगा नयाँ शहर आयोजनाका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत रासायनिक मलमा कृषकहरुलाई उपलब्ध गराइंदै आएको अनुदानको दरमा कटौती गरी रासायनिक मलको मूल्य बृद्धि गर्नेसम्बन्धी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७९/११/२६ को निर्णय हाललाई कार्यान्वयन नगर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने।

**संवत् २०७९ साल चैत १० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको ढाँचा र हिस्सा एवं वित्तीय समानीकरण अनुदान वितरणको अनुमानित सीमा स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालयः नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा श्याम प्रसाद भण्डारीलाई नियुक्ति तथा पदस्थापन गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः एसिया प्यासिफिक क्षेत्रीय बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव(उद्योग) लाई सहभागी हुन स्वीकृति दिने ।

४. गृह मन्त्रालयः नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा वसन्त बहादुर कुवरलाई बढुवा नियुक्त गर्ने।

५. परराष्ट्र मन्त्रालयः नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा शरद राज आरण समेत २ जनालाई नियुक्ति तथा पदस्थापन गर्ने ।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः देवघाट क्षेत्र विकास समितिको अध्यक्षमा भिम बहादुर रानालाई तोक्ने ।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा रामकृष्ण लामिछाने लगायत ४ जनालाई नियुक्ति तथा पदस्थापन गर्ने ।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः चौरजहारी नगरपालिकाको परियोजनाको लागि जग्गा प्राप्त गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वास्थ्य सेवाको अतिरिक्त स्वास्थ्य सचिव पदमा डा. विकास देवकोटा र डा. टंक प्रसाद बारकोटीलाई बढुवा नियुक्त गर्ने।

१०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा. सेनेन्द्र राज उप्रेतीले पेस गरेको राजीनामा स्वीकृत गर्ने ।

११. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः भरतपुर अस्पताल र भेरी अस्पताललाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको आंगिक अस्पतालको रूपमा सञ्चालन गरी शैक्षिक कार्यक्रम विस्तार गर्ने ।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः UNAIDS workshop on maximizing the GC 7 (2023-2025 cycle) of Global Fund Applications मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति दिने ।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल स्वास्थ्य व्यवसायी परिषद्को रजिष्ट्रार पदमा लिला नाथ भण्डारीलाई नियुक्त गर्ने ।

## संवत् २०७९ साल चैत १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: सार्वजनिक खरिद पुनरावलोकन समितिका सदस्य महेन्द्र बहादुर गुरुङलाई सहसचिव वा सो सरहले पाउने बराबरको पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराउने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपाल ट्रष्टको अधिनमा रहेको दियालो बंगला सुरक्षा र संरक्षण गर्न नेपाली सेनालाई खटाउने।

३. अर्थ मन्त्रालय: नेपालको पूर्वी पहाडी क्षेत्रमा रहेका वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनको लागि विश्व वातावरण सुविधा (GEF) बाट रु. ५५ करोड अनुदान सहायता स्वीकार गर्ने।

४. अर्थ मन्त्रालय: अमेरिकाको वासिङटन डि.सि.मा आयोजना हुने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वसन्तकालीन बैठकमा नेपालको सहभागिताका लागि अर्थ सचिवको नेतृत्वमा प्रतिनिधिमण्डलको मनोनयन गर्ने ।

५. अर्थ मन्त्रालय: Rural Connectivity Improvement Project-Additional Financing को लागि सम्झौता वार्ता गर्नका लागि वार्ता टोली गठन गर्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: तिब्बतको ल्हासामा हुने Nepal-China Border Epidemic Prevention and Control Mechanism को द्विपक्षीय बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य) को नेतृत्वमा सहभागिता हुन स्वीकृति प्रदान गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: बंगलादेशमा आयोजना हुने नेपाल-बंगलादेश संयुक्त सञ्चालक समिति तथा संयुक्त कार्य समूहको पाँचौं बैठकमा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) को नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

८. गृह मन्त्रालय: जुरे पहिरो पिडितलाई जिल्ला विपद व्यवस्थापन समितिको समन्वयमा नगद राहत वितरण गर्ने।

९. गृह मन्त्रालय: नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा टेक प्रसाद राई समेत ४ जनालाई पदस्थापन गर्ने।

१०. रक्षा मन्त्रालय: अभ्यास शान्ति प्रयास (Multinational Peacekeeping Exercise-2024) आयोजना गर्न स्वीकृति प्रदान गर्ने।

११. रक्षा मन्त्रालय: नेपाली सेनाको सैनिक हवाई सेवा, पाइलट समूहका महासेनानी किरण थापाको पदावधि थप गर्ने।

१२. रक्षा मन्त्रालय: नेपाली सेनाका सहसेनानी तिल बहादुर कार्कीको अवकाश पूर्व विशेष बढुवा गर्ने।

१३. रक्षा मन्त्रालय: बलाध्यक्ष रथी श्री सिताराम खड्कालाई अमेरिकामा सञ्चालन हुने LANPAC कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: स्वीट्जरल्याण्ड र सर्बियामा ENSSURE को आयोजनामा हुने कार्यक्रममा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) लाई स्वीकृति दिने।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: अष्ट्रेलियामा आयोजना हुने अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) को "45th Regional Meeting of the National RCA Representatives" मा भाग लिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान प्रविधि) लाई स्वीकृति दिने।

द्रष्टब्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: देवघाट क्षेत्र विकास समितिको सदस्यमा सान बहादुर दमाई लगायत ५ जनालाई मनोनयन गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: उच्चस्तरीय तलब सुविधा आयोगको म्याद २५ दिन थप गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा कानुन लाल चौधरीलाई नियुक्त गर्ने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका रामकृष्ण लामिछाने लगायतका २२ जना कर्मचारीहरूको सरुवा गर्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको कानून-सदस्य पदमा कृष्ण प्रसाद पोखेललाई नियुक्त गर्ने ।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः भेरी अस्पतालमा कार्यरत प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक दुर्गा लक्ष्मी श्रेष्ठको समायोजन संशोधन गर्ने ।

२२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका डा. बैकुण्ठ अर्यालसमेत ३ जना अधिकृतहरूको सरुवा गर्ने ।

**संवत् २०७९ साल चैत २० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: थाईल्याण्डमा आयोजना हुने Transforming Food Systems in Asia and the Pacific: A Regional Stocktaking कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका सचिवलाई स्वीकृति प्रदान गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने।

३. खानेपानी मन्त्रालय: मेलम्ची खानेपानी आयोजनाको ठेक्का MDS/DT/०२ को मध्यस्थतासम्बन्धी विवादको प्रतिरक्षा तथा प्रतिदावीका लागि अन्तराष्ट्रियस्तरको ल फर्म वा परामर्श संस्थासँग आवश्यकता, परिमाण तथा समयलगायत विभिन्न पक्षहरूमा वार्ताद्वारा सोझै खरिद गरी सेवा प्राप्त गर्न खानेपानी मन्त्रालयलाई स्वीकृति दिने ।

४. गृह मन्त्रालय: विशेष अदालतका पूर्वअध्यक्ष गौरी बहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गर्ने।

५. गृह मन्त्रालय: शान्ति सुरक्षा सम्बन्धी कार्यमा हुने खर्चको मापदण्ड, २०७८ खारेज गर्ने।

६. परराष्ट्र मन्त्रालय: नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १५औं बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ मा हेरफेर गर्न स्वीकृति दिने।

८. रक्षा मन्त्रालय: नेपाल-भारत सुरक्षासम्बन्धी द्विपक्षीय परामर्श समूह (Bilateral Consultative Group on Security Issues) को १५ औं बैठक नेपालमा सञ्चालन गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

९. वन तथा वातावरण मन्त्रालय: पूर्व-पश्चिम लोकमार्गअन्तर्गत नारायणघाट-बुटवल सडक खण्डमा पर्ने S-MODE स्थित राष्ट्रिय वनको ढिस्को कटान गर्न स्वीकृति प्रदान गर्ने ।

१०. वन तथा वातावरण मन्त्रालय: जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.०२ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

११. वन तथा वातावरण मन्त्रालय: मदन भण्डारी राजमार्गअन्तर्गत सुर्खेत जिल्लास्थित बोटेचौर-भेडाबारी-धुलियाविट (३५.१७ कि.मि.) सडक खण्डको स्तरोन्नतिको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

१२. वन तथा वातावरण मन्त्रालय: Brussels, Belgium मा हुने The Workshop "Navigating and engaging the climate finance architecture under the UNFCCC" सम्बन्धी कार्यक्रममा सहभागिताको लागि वन तथा वातावरण मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने।

१३. वन तथा वातावरण मन्त्रालय: Mysuru, Karnataka, India मा आयोजना हुने Commemorating ५० Years of Project Tiger कार्यक्रममा सहभागिताको लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई स्वीकृति प्रदान गर्ने।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पतालको अध्यक्षमा विजयराज न्यौपानेलाई मनोनयन गर्ने।

१५. खानेपानी मन्त्रालय: मेलम्ची तथा काठमाडौं उपत्यका खानेपानी विकास समिति (गठन) आदेश, २०७९ स्वीकृत गर्ने।

१६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको क्रममा सिर्जना भएको दायित्व भुक्तानीका लागि धुर्मुस सुन्तली फाउण्डेशनलाई राष्ट्रिय खेलकुद परिषद्मा रङ्गशाला निर्माणका लागि विनियोजित बजेटमध्येबाट एकमुष्ट रु. १२ करोड अनुदान उपलब्ध

गराउने ।

१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी पुनर्गठन गर्ने ।

## संवत् २०७९ साल चैत २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. खानेपानी मन्त्रालय: नेदरल्याण्डको हेगमा सञ्चालन हुने All Systems Connect International Symposium 2023 कार्यक्रममा सहभागी हुन खानेपानी मन्त्रालयका सचिवलाई स्वीकृति दिने ।

२. खानेपानी मन्त्रालय: नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सोसरह (सु.ई) पदमा श्री सुरतकुमार बमलाई नियुक्त गर्ने ।

३. गृह मन्त्रालय: नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा सन्दिप भण्डारी लगायत ४ जनालाई बढुवा नियुक्त गर्ने।

४. परराष्ट्र मन्त्रालय: नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा डा. सुरेन्द्र थापालाई नियुक्ति गर्ने।

५. परराष्ट्र मन्त्रालय: नेपाल र गणतन्त्र कजाखस्थानबीच कूटनीतिक/सरकारी/सर्भिस राहदानीबाहकलाई प्रवेशाज्ञा उन्मुक्ति दिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न स्वीकृति दिने।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाईवे उपसमूह, सुपरिन्टेण्डिङ इन्जिनियर, सहसचिव वा सोसरह (राजपत्रांकित प्रथम श्रेणी (प्रा.) पदमा श्री शुभराज न्यौपानेलगायत २ जनालाई बढुवा नियुक्त गर्ने।

७. रक्षा मन्त्रालय: नेपाली सेनाका सैनिक साधारण सेवाका उपरथी निर्मलकुमार थापाको सरुवा गर्ने।

८. रक्षा मन्त्रालय: नेपाली सेनाका महासेनानी रामचन्द्र खत्रीसमेत ३२ (बत्तीस) महासेनानीहरूको सरुवा गर्ने।

९. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी लक्ष्मीभक्त श्रेष्ठसमेत ९ (नौ) प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१०. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी सुदर्शन सिल्वाललाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

११. रक्षा मन्त्रालय: नेपाली सेनाका सैनिक साधारण सेवाका सहायक रथी गणेश कुमार श्रेष्ठसमेत १६ (सोह्र) जना सहायक रथीहरूको सरुवा गर्ने।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (अप्रा) सहसचिव वा सोसरह पदमा अर्जुन भण्डारीसमेत ३ जनालाई नियुक्ति तथा पदस्थापन गर्ने।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प. प्रथम श्रेणी (प्रा.), सहसचिव वा सोसरह पदमा कमलकुमार अधिकारीलाई नियुक्ति तथा पदस्थापन गर्ने ।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने Twenty-second session of the United Nations Permanent Forum on Indigenous Issues (UN-PFII) कार्यक्रममा सहभागिताको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउनेसम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गर्ने।

१६. कोशी प्रदेश नामकरणको विषयलाई लिएर विराटनगरमा भएको प्रदर्शनमा घाइते भई उपचारको क्रममा मृत्यु भएका पदम कुमार लिम्बु, तेह्रथुमलाई सहिद घोषणा गर्ने ।

द्रष्टब्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

**संवत् २०७९ साल चैत २८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद् (गठन) आदेश, २०७५ संशोधन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: भारतको नयाँ दिल्लीमा हुने Regional Seminar on the Territorial Approach to Local Devleopment (TALD) for Asia-Pacific Countries क्षेत्रीय सेमिनार कार्यक्रममा कर्णाली प्रदेश प्रमुख सचिवको वैदेशिक भ्रमण स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: सम्माननीय प्रधानमन्त्रीज्यूको प्रेस सल्लाहकारमा प्युठान निवासी श्री गोविन्द प्रसाद आचार्य, जनसम्पर्क सल्लाहकारमा लमजुङ्ग निवासी श्री देवेन्द्र पराजुली र प्रशासन सल्लाहकारमा जाजरकोट निवासी श्री राम दिप आचार्यलाई नियुक्त गर्ने।

४. अर्थ मन्त्रालय: दक्षिण कोरियाको इञ्चोनमा आयोजना हुने एशियाली विकास बैंकको ५६ औं वार्षिक बैठकमा भाग लिन अर्थ मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: गोलियाको उलनवटारमा आयोजना हुने एशियाली उत्पादकत्व संगठनको 65th Session of the APO Governing Body बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) लाई भाग लिन स्वीकृति दिने ।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: नेपाल कृषि सेवा, भेटेरिनरी समूहको राजपत्राङ्कित प्रथम श्रेणी सह-सचिव (प्रा.) पदमा डा. प्रेरणा सेढाई भट्टराईलाई बढुवा नियुक्त गर्ने।

७. रक्षा मन्त्रालय: प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० मा नेपाली सेना परिचालन गर्न सिफारिस गर्ने ।

८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: जुगल हिमशृङ्खला अन्तर्गतका हिमचुली पर्वतारोहणका लागि खुला गर्ने।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: नेपाल प्रहरीका वरिष्ठ नायब निरीक्षक पुरुषोत्तम नेपालीलाई सगरमाथा आरोहण अनुमतिका लागि लाग्ने सलामी दस्तुर मिनाहा गर्ने।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: जापानमा हुने Training on “Development of Master Plan for Waste Water Management Pokhara Metropolitan City” कार्यक्रममा सहभागी हुन पोखरा महानगरपालिकाका नगर प्रमुखलाई स्वीकृति प्रदान गर्ने ।

११. सहरी विकास मन्त्रालय: नेपाल ईन्जिनियरिङ सेवा, सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट उपसमूह, राजपत्रांकित प्रथम श्रेणीको सहसचिव वा सोसरह (प्राविधिक) पदमा रोशन श्रेष्ठलाई नियुक्त गर्ने।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: England को West sussex मा हुने Working together to promote comprehensive, universal sexual and reproductive health and rights कार्यक्रममा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति दिने ।

१३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: कुखुराको दानाको गुणस्तर वा मात्रा निर्धारण गर्ने ।

१४. खानेपानी मन्त्रालय: प्रशोधित फोहोर पानी उत्सर्जन सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गर्ने।

१५. वन तथा वातावरण मन्त्रालय: सुपर काबेली खोला क्यास्केड जलविद्युत आयोजना (१२ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

१६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: खाद्य पदार्थमा जीवनाशक विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने।

१७. वन तथा वातावरण मन्त्रालय: जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) को विकास निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने।

द्रष्टब्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१८. वन तथा वातावरण मन्त्रालय: सुपर कावेली ए जलविद्युत आयोजना (१३.५ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत गर्ने।